सत्यनारायणको इच्छाऽनुसार फल दिने व्रत गरेको हो, उहाँकै कृपाले मेरो सबै धन धान्य ठूलो ऐश्वर्य भएको हो ॥ ६ ॥ ५१

ब्राह्मणबाट यो कुरा जानेर दाउरे अति खुशी भयो, अनि जल

प्रसाद खाएर शहरतर्फ आयो ॥७॥ सत्यनारायण देवतालाई मनले

स० क०

काष्ठ विक्रयते ग्रामे प्राप्यते चाऽद्य यद्धनम् ॥ ८ ॥
तेनैव सत्यदेवस्य करिष्ये व्रतमुत्तमम् ।
इति सञ्चिन्त्य मनसा काष्ठं कृत्वा तु मस्तके ॥ ९ ॥
जगाम नगरे रम्ये धनिनां यत्र संस्थितिः ।
तद्दिने काष्ठमूल्यं च द्विगुणं प्राप्तवानसौ ॥१०॥
ततः प्रसन्नहृदयः सुपक्वं कदलीफलम् ।

चिताउँ दै दाउरा बिक्री गर्न गाउँमा गयो, आज दाउरा बेच्दा जति धन आउँछ ॥ ८ ॥ त्यसैबाट सत्यदेवको व्रत गर्दछु यस्तो मनले चिताएर दाउरा टाउकामा राखेर बिक्री गर्न गयो ॥ ९ ॥ जहाँ जहाँ धनीहरू रहन गएका छन् त्यस्तो नगरमा गएर दाउरा बेच्दा त्यस दिन दाउराको पैसा पनि दुइगुना (धेरै) पायो ॥१०॥

शर्करा घृतदुग्धानि गोधूमस्य च चूर्णकम् ॥११॥
कृत्वैकत्र सपादं च गृहीत्वा स्वगृहं ययौ ।
ततो बन्धून् समाहूय चकार विधिना व्रतम् ॥१२॥
तद्व्रतस्य प्रभावेण धनपुत्रान्वितोऽभवत् ।
इह लोके सुखं भुक्त्वा चाऽन्ते सत्यपुरं ययौ ॥१३॥

इति श्रीसत्यनारायण कथायां चतुर्थोऽध्यायः ॥४॥

त्यसपछि खुशी हुँदै पाकेका केरा, शख्खर घिउ दूध गहुंको पीठो सबै एक ठाउँ मिलाएर सवा सेर नैवेद्य बनाएर घरमा आयो, अनि बन्धुवर्गहरूलाई बोलाएर विधिपूर्वक व्रत पूजा गऱ्यो ॥ ११ ॥ ॥ १२ ॥ त्यो व्रतको प्रभावले धनपुत्रले युक्त भएको भएर यस लोकमा सुख भोगेर अन्त्यमा सत्यलोकमा गयो ॥ १३ ॥

इति सत्यनारायणको व्रतकथाको नेपाली टीकामा चौथो अध्याय सकियो ॥४॥

सूत उवाच—

स० पुनरन्यत् प्रवक्ष्यामि शृणुध्वं मुनिसत्तमाः । क०
पुरा चोल्कामुखो नाम नृपश्चासीन्महीपतिः ॥ १ ॥
५५ जितेन्द्रियः सत्यवादी ययौ देवालयं प्रति ।
दिने दिने धनं दत्त्वा द्विजान् सन्तोषयन् सुधीः ॥ २ ॥

सूतजी भन्नुहुन्छ, हे मुनीश्वरहरूहो ! सुन्नुहवस् अरू कथा इतिहास पनि भन्दछु, अघि एक समयमा उल्कामुख नाम गरिका राजा थिए ॥ १ ॥ इन्द्रियलाई जितेका सत्यवादी ती राजा दिन-दिनै देवताका मन्दिरमा जान्थे, ब्राह्मणहरूलाई धनदान गरेर सन्तोष ५५
गराउँदथे ॥ २ ॥ उनकी पत्नी (महारानी) अनुधा नाउँ गरेकी,

भार्या तस्य प्रमुग्धा च सरोजवदना सती ।
भद्रशीलानदीतिरे सत्यस्य व्रतमाचरत् ॥ ३ ॥
एतस्मिन्नन्तरे तत्र साधुरेकः समागतः ।
वाणिज्यार्थं बहुधनैरनेकैः परिपूरिताम् ॥ ४ ॥
नावं संस्थाप्य तत्तीरे जगाम नृपतिं प्रति ।
दृष्ट्वा स व्रतिनं भूपं पप्रच्छ विनयान्वितः ॥ ५ ॥

कमल जस्तो मुख गरेकी थिइन् । भद्रशीला नदीका किनारमा सत्यदेव-को व्रतपूजा गर्न लाग्दा भए ॥३॥ राजाले पूजा गरेको वेलामा त्यहाँ एक साधु बनिया आइपुग्यो । व्यापारका निमित्त ल्याएको धनले पूर्ण भएको ॥४॥ नाउ नदीकिनारमा राखेर राजा भएका ठाउँमा गयो । व्रतपूजामा लागेका राजालाई देखेर नम्रता-पूर्वक सोद्धछ ॥ ५ ॥

साधुरुवाच—

किमिदं कुरुषे राजन् ! भक्तियुक्तेन चेतसा ।
५० प्रकाशं कुरु तत्सर्वं श्रोतुमिच्छामि साम्प्रतम् ॥६॥ ६०

राजोवाच—

५७ पूजनं क्रियते साधो विष्णोरतुलतेजसः ।
व्रतं च स्वजनैः सार्धं पुत्राद्यवाप्तिकाम्यया ॥ ७ ॥

साधु भन्दछ, हे महाराज ! भक्ति-युक्त चित्तले यो के गर्नु भएको हो ? त्यो सबै खुलाएर भन्नुहवस्, मलाई सुन्न इच्छा लाग्यो ॥ ६ ॥ राजा भन्दछन्—हे साधु बनियाँ ! अतुल तेज ५७
भएका विष्णु भगवानको व्रतपूजा आफ्ना बन्धु र इष्ट जनसहित भएर सन्तान प्राप्ति निमित्त गरेको हो ॥ ७ ॥ राजाको वाणी

भूपस्य वचनं श्रुत्वा साधुः प्रोवाच सादरम् ।
स० सर्वं कथय मे राजन् ! करिष्येऽहं तवोदितम् ॥ ८ ॥ क०
ममाऽपि सन्ततिर्नास्ति एतस्माज्जायते ध्रुवम् ।
५८ राजा तथा जगादेदं व्रतं सम्यग्विधानतः ॥ ९ ॥

सुनेर त्यो बनियाँ भन्दछ, हे महाराज, सबै विस्तार संझाएर भन्नुहवस् तपाईंले भन्नुभएको कुरा म पनि गर्दछु ॥ ८ ॥ मेरा पनि सन्तान छैनन्, यस्तो गरेमा अवश्य सन्तान होलान् ८
॥९॥ राजाले पनि त्यो सबै बढिया तरहल बताइदिए । ती सबै कुरा

श्रुत्वा साधुर्जगामाशु नगरं श्रीसमाकुलम् ।
स० ततो निवृत्य वाणिज्यात् सानन्दो गृहमागतः ॥१०॥ क०
भार्यायै कथितं सर्वं व्रतं सन्ततिदायकम् ।
५९ तदाव्रतं करिष्यामि यदा मे सन्ततिर्भवेत् ॥११॥

सुनेर बनियाँ लक्ष्मीले पूर्ण भएको आफ्नू नगरमा आयो । व्यापार
को काम सकेर आनन्दपूर्वक आफ्नू घरमा आएर त्यो सन्तान
दिने व्रतको कुरा आफ्नी पत्नीलाई सुनाए, अनि पत्नीसँग भने ॐ
कि अब मेरा सन्तान भएपछि म पनि त्यो व्रत गर्नेछु, आफ्नी ५९
पत्नी लीलावतीका साथ साधु बनियाँले यो कुरा गरे ॥ १० ॥
॥ ११ ॥ एक दिन साधु बनियाँकी पत्नी लीलावती धर्मपरायण

इति लीलावतीं प्राह स्वपत्नीं साधुसत्तमः ।
स० एकस्मिन्न दिवसे तस्य भार्या लीलावती सतीं ॥१२॥ क०
भर्तृयुक्ताऽऽनन्दचित्ताऽभवद्धर्मपरायणा ।
६० गर्भिणी साऽभवत्तस्य भार्या सत्यप्रसादतः ॥१३॥

भएर आनन्द चित्तले आफ्ना पतिसँग रहिन् ॥१२॥ र सत्यदेवका कृपाले गर्भिणी पनि भइन् । दश मैहा भएपछि रत्न जस्ती कन्या पैदा भइन् । ती कन्या शुक्लपक्षका चन्द्रमा जस्तै बढ्दै गइन् । तिनको नाउँ कलावती राखियो अनि ती ६०
लीलावतीले आफ्ना स्वामीलाई मधुर वाणीले भनिन्—हे स्वामिन्न त्यो संकल्प गरेको सत्य व्रत किन गर्नु हुन्न ॥ १३ ॥

दशमे मासि वै तस्याः कन्यारत्नमजायत ।
दिने दिने सा ववृधे शुक्लपक्षे यथा शशी ॥१४॥ क०
स० नाम्ना कलावती चेति तन्नामकरणं कृतम् ।
ततो लीलावती प्राह स्वामिनं मधुरं वच ॥१५॥
६१ न करोषि किमर्थं वै पुरा संकल्पितं व्रतम् ।

॥ १४ ॥ १५ ॥ साधु भन्दछ—हे सुन्दरी प्रिये ! छोरीका विवाहको समयमा त्यो व्रत पूजा गरौंला, यस्ता तरहले पत्नीलाई संझाएर शहरतर्फ डुल्न गयो ॥ तहाँ उप्रान्त ६१
कलावती पनि बढ्दै जान लागिन्, त्यस्ता तरहले शहरमा साथी केटोहरूसँग हिंड डुल गर्ने उमेर पुगेकी छोरीलालाई देखेर

साधुरुवाच—

विवाहसमये त्वस्याः करिष्यामि व्रतं प्रिये ॥१६॥
इति भार्या समाश्वास्य जगाम नगरं प्रति ।
ततः कलावती कन्या ववृधे पितृवेश्मनि ॥१७॥
दृष्ट्वा कन्या ततः साधुर्नगरं सखिभिः सह ।
मन्त्रयित्वा द्रुतम् दूतं प्रेषयामास धर्मवित् ॥१८॥

॥ १६ ॥ १७ ॥ सल्लाह गरेर ज्वाइँ खोज्न भनी दूत पटायो ॥ हे दूत ! कन्याको विवाह-निमित्त योग्य वर विचार गरेर ल्याऊ ॥ १८ ॥ यस्तो आज्ञा पाएको दूत त्यहाँबाट काञ्चन नगरमा

विवाहार्थं च कन्याया वरं श्रेष्ठं विचारय ।
तेनाऽऽज्ञप्तश्च दूतोऽसौ काञ्चनं नगरं ययौ ॥१९॥
तस्मादेकं वणिक्पुत्रं समादायाऽऽगतो हि सः ।
दृष्ट्वा तु सुन्दरं बालं वणिक्पुत्रं गुणाऽन्वितम् ॥२०॥
ज्ञातिभिर्बन्धुभिः सार्धं परितुष्टेन चेतसा ।

पुग्यो । त्यहाँबाट एक बनियाँको पुत्रलाई लिएर आइपुग्यो ॥१९॥
गुणले युक्त भएको सुन्दर सुकुमार बालकलाई देखेर खुशी सन्तोष
चित्तले ज्ञाति नातादार दाजुभाइ सबै साथ भएर ॥२०॥ शा को
विधि-विधानतर गरी रीत पूरा गरी कन्यादान विवाहकर्म गरिदिए ॥
भाग्यवश त्यो साधु बनियाँले छोरीको विवाह-समयमा पनि सत्यदेव-

स० दत्तवान् श्रीमते साधुः कन्यां विधिविधानतः ॥२१॥
ततो भाग्यवशात्तेन विस्मृतं व्रतमुत्तमम् । क०
विवाहसमये तस्यास्तेन रुष्टोऽभवत्प्रभुः ॥२२॥
ततः कालेन कियता निजकर्मविशारदः ।
वाणिज्यार्थं गतः शीघ्रं जामात्रा सहितो वणिक् ॥२३॥

को व्रत पूजा गर्न बिर्सियो, त्यसकारण भगवान् रुष्ट हुनुभयो त्यसका कति दिनपछि आफ्नू जाति कर्म जान्ने भएको ।२१-२२। त्यो बनियाँ ज्वाइँलाई पनि साथमा लिएर व्यापार गर्न गयो, रत्न- सार नाम गरेको नगरीको नजीकै समुद्र-किनारमा रहेर त्यो शहरमा ॥२३॥ ज्वाइँ-साथै भएर व्यापार गर्न लाग्यो । ती साधु

रत्नसारपुरे रम्ये गत्वा सिन्धुसमीपतः ।
वाणिज्यमकरोत् साधुर्जामात्रा श्रीमता सह ॥२४॥
तौ गतौ नगरे रम्ये चन्द्रकेतोर्नृपस्य च ।
एतस्मिन्नेव काले तु सत्यनारायणः प्रभुः ॥२५॥
भ्रष्टप्रतिज्ञामालोक्य शापं तस्मै प्रदत्तवान् ।
दारुणं कठिनं चाऽस्य महद्‌दुःखं भविष्यति ॥२६॥

बनियाँ गएको त्यो नगरका राजा चन्द्रकेतु थिए ॥ २४ ॥ त्यो साधुको म पूजा गर्छु भन्ने प्रतिज्ञा भ्रष्ट गरेको देखेर त्यस समयमा सत्यनारायण भगवान् रुष्ट हुनुभयो अनि श्राप दिनुभयो ॥२५॥ दारुण कठिन दुःख भोग्नुपर्नेछ भनिदिनुभयो । त्यसपछि एक दिन राजा चन्द्रकेतुको धन चोरले चोरेर लिएर ॥२६॥ त्यहीं आइपुग्यो

एकस्मिन् दिवसे राज्ञो धनमादाय तस्करः ।
तत्रैव चानतश्चौरो वणिजौ यत्र संस्थितौ ॥२७॥
तत्पश्चाद्धावकान् दूतान् दृष्ट्वा भीतेनचेतसा ।
धनं संस्थाप्य तत्रैव स तु शीघ्रमलक्षितः ॥२८॥

जहाँ ती बनियाँहरू बसेका थिए । पछि-पछि खेद्दै आएका सिपाहीहरूलाई देखेर डराएर ॥ २७ ॥ तिनै बनियाँहरू भएका ठाउँमा त्यो चोरेको धन राखेर त्यो चोर त्यहीं लुक्यो ॥ २१ ॥ ॥ २८ ॥ त्यसपछि सिपाहीहरू खेद्दै त्यहीं आइपुगे । चोरेको धन त्यहीं देखर चोरहरू यिनै रहेछन् भनेर बनियाँहरूलाई पक्रेर

ततो दूताः समायाता यत्रास्ते सज्जनो वणिक् ।
दृष्ट्वा नृपधनं तत्र बध्वा नीतौ वणिक्सुतौ ॥२९॥ ५०
५० हर्षेण धावमानाश्च ऊचुर्नृपसमीपतः ।
तस्करौ द्वौ समानीतौ विलोक्याऽऽज्ञापय प्रभो ॥३०॥
६७ राजाऽऽज्ञया ततः शीघ्रं दृढं बद्ध्वा तु तावुभौ ।
स्थापितौ द्वौ महादुर्गे कारागारेऽविचारतः ॥३१॥

लगे ॥२०॥ खुशीका साथ दौडाउँदै राजाका निकटमा पुगेर बिन्ती गर्न लागे–हे महाराज ! दुई जना चोर ल्याएको छ, हेरेर आज्ञा हवस् ॥ राजाले आज्ञा गरेपछि जल्दी नै ती दुवै ६७
जनालाई बलियो गरेर बाँधेर, अरू कुनै कुरा विचारै नगरी सरासर कठिन कारागार (झ्यालखाना) मा लगेर हालिदिए ॥ ३१ ॥

मायया सत्यदेवस्य न श्रुतं कैस्तयोर्वचः ।
स० ततस्तयोर्धनं राज्ञा गृहीतं चन्द्रकेतुना ॥३२॥ क०
तच्छापाच्च तयोर्गेहे भार्या चैवातिदुःखिता ।
६८ चौरेणाऽपहृतं सर्वं गृहे यच्च स्थितं धनम् ॥३३॥

सत्यदेव भगवान्का मायाले ती बनियाँहरूले भनेको कुरा कसैले सुन्दै सुनेन, तिनीहरूको धन पनि राजा चन्द्रकेतुले सबै जफत गरे ॥ ३३ ॥ भगवान्का श्रापले उनीहरूको घरमा पनि भएको धन सबै चोर लागेर नष्ट भयो । बनियाइँनी लीलावतीलाई पनि ६८ सारै दुःख पर्‍यो ॥ ३३ ॥ मनमा ताप र शरीरमा रोग लागेर

आधिव्याधिसमायुक्ता क्षुत्पिपासातिदुःखिता ।
७० अन्नचिन्तापरा भूत्वा बभ्राम च गृहे गृहे ॥३४॥ क०
कलावती तु कन्याऽपि बभ्राम प्रतिवासरम् ।
६९ एकास्मिन्दिवसे याता क्षुधार्ता द्विजमन्दिरम् ॥३५॥

भोक प्यासले पीडित अर्काको घर-घरमा घुम्नुपर्‍यो ॥ ३४ ॥
छोरी कलावती पनि त्यस्तै तरहले प्रतिदिन घर-घर घुम्न लागी ।
एक दिन भोकले पीडित भएर कलावती एक ब्राह्मणका घरभित्र ६९
गएर पसी ॥ ३५ ॥ त्यहाँ भगवान् सत्यनारायणको व्रत पूजा
भइरहेर देखी त्यहाँ कयौ बेर बसेर कथा सुनेर वरदानको प्रार्थना

मायया सत्यदेवस्य न श्रुतं कैस्तयोर्वचः ।
ततस्तयोर्धनं राज्ञा गृहीतं चन्द्रकेतुना ॥३२॥
तच्छापाच्च तयोर्गेहे भार्या चैवातिदुःखिता ।
चौरेणाऽपहृतं सर्वं गृहे यच्च स्थितं धनम् ॥३३॥

सत्यदेव भगवान्‌का मायाले ती बनियाँहरूले भनेको कुरा कसैले सुन्दै सुनेन, तिनीहरूको धन पनि राजा चन्द्रकेतुले सबै जफत गरे ॥ ३२ ॥ भगवान्‌का श्रापले उनीहरूको घरमा पनि भएको धन सबै चोर लागेर नष्ट भयो । बनियाइँनी लीलावतीलाई पनि सारै दुःख पर्‍यो ॥ ३३ ॥ मनमा ताप र शरीरमा रोग लागेर

६८

आधिव्याधिसमायुक्ता क्षुत्पिपासातिदुःखिता ।
ख० अन्नचिन्तापरा भूत्वा बभ्राम च गृहे गृहे ॥३४॥ क०
कलावती तु कन्याऽपि बभ्राम प्रतिवासरम् ।
६९ एकस्मिन्दिवसे याता क्षुधार्ता द्विजमन्दिरम् ॥३५॥

भोक प्यासले पीडित अर्काको घर-घरमा घुम्नुपर्‍यो ॥ ३४ ॥
छोरी कलावती पनि त्यस्तै तरहले प्रतिदिन घर-घर घुम्न लागी ।
एक दिन भोकले पीडित भएर कलावती एक ब्राह्मणका घरभित्र ६९
गएर पसी ॥ ३५ ॥ त्यहाँ भगवान् सत्यनारायणको व्रत पूजा

भइरहेर देखी त्यहाँ कयै बेर बसेर कथा सुनेर वरदानको प्रार्थना

गत्वाऽपश्यत् व्रतं तत्र सत्यनारायणस्य च ।
उपविश्य कथां श्रुत्वा वरं प्रार्थितवत्यपि ॥३६॥
प्रसादभक्षणं कृत्वा ययौ रात्रौ गृहं प्रति ।
माता कलावतीं कन्यां कथयामास प्रेमतः ॥३७॥
पुत्रि रात्रौ स्थिता कुत्र किं ते मनसि वर्तते ।
कन्या कलावती प्राह मातरं प्रति सत्वरम् ॥३८॥

पनि गरी ॥ ३६ ॥ अनि प्रसाद खाएर घरमा आई, त्यस वेला आमाले कलावतीलाई प्रेमपूर्वक नै भनिन् ॥ ३७ ॥ हे छोरी ! रातिमा कहाँ थियौ ? तिम्रा मनमा के छ ? आमाको वचन सुनेर छोरी कलावती भन्दछिन् ॥ ३८ ॥ हे आमा ! रात्रिमा एक ब्राह्मणको घरमा वाञ्छासिद्धि गर्ने व्रत गरे-

द्विजालये व्रतं मातर् दृष्ट्वा वाञ्छितसिद्धिदम् ।
८० तच्छ्रुत्वा कन्यकावाक्यं व्रत कर्तुं समुद्यता ॥३९॥ ८०
सा मुदा तु वणिग्भार्या सत्यनारायणस्य च ।
व्रतं चक्रे सैव साध्वी बन्धुभिः स्वजनैः सह ॥४०॥
७१ भर्तृजामातरौ क्षिप्रमागच्छेतां स्वमाश्रमम् ।
अपराधं च मे भर्तुर्जामातुः क्षन्तुमर्हसि ॥४१॥

को देखें, छोरीको कुरा सुनेर आमाचाहिं व्रतगर्न उत्सुक भइन् ।
॥३९॥ तब बहुत खुशी हुँदै दाजुभाइ बन्धुवर्ग-सहित भएर सोही
व्रत गर्न लागिन् ॥ ४० ॥ हे सत्यदेव भगवन् ! मेरा पति र ज्वाइँ ७१
छिटै नै घरमा आइ पुगून्, मेरा ज्वाइँको अपराध पनि क्षमा गरि-
बक्सियोस् ॥ ४१ ॥ यस्तो तरहको व्रत गर्दा सत्यनारायण प्रभु

व्रतेनाऽनेन तुष्टोऽसौ सत्यनारायणः प्रभुः ।
८० दर्शयामास स्वप्नं हि चन्द्रकेतुं नृपोत्तम ! ॥४२॥ क०
वन्दिनौ मोचय प्रातर्वणिजौ नृपसत्तम ! ।
७२ देयं धनं च तत्सर्वं गृहीतं यत् त्वयाऽधुना ॥४३॥

सन्तुष्ट हुनुभयो अनि चन्द्रकेतु राजालाई सपनामा दर्शन दिएर भन्नुभयो ॥ ४२ ॥ हे राजा, यी झ्याल-खानामा बन्द गरिएका बन्दी बनियाँलाई भोलि सबेरै छोड़िदेऊ यी चोर हैनन्, यिनीहरूबाट तिमीले जफत गरेको धन पनि फिर्ता गरिदेऊ ॥ ४३ ॥ यदि ७८

त्यसो गरेनौ भने तिम्रो राज्य धन पुत्रादि सबै नाश गरिदिनेछु

नो चेत् त्वां नाशयिष्यामि सराज्यधनपुत्रकम् ।
एवमाभाष्य राजानं ध्यानगम्योऽभवत्पुनः ॥४४॥ ६०
८० ततः प्रभातसमये राजा च स्वजनैः सह ।
उपविश्य सभामध्ये प्राह स्वप्नं जनं प्रति ॥४५॥
७३ बद्धौ महाजनौ शीघ्रं मोचय द्वौ वणिक्सुतौ ।
इति राज्ञो वचः श्रुत्वा मोचयित्वा महाजनौ ॥४६॥
यसरी राजालाई भनेर सत्यनाराण भगवान् अन्तर्धान हुनुभयो
॥४४॥ त्यसपछि सबेरै हुनेबित्तिकै राजा आफ्ना मन्त्रीजनहरूसँगै
सभामा बसेर त्यो सपनाको कुरा सबैलाई सुनाउँदाभए ॥ ४५ ॥ ७३
अनि राजाले कर्मचारीहरूलाई आज्ञा गरेर भने—ती थुनेका

बनियाँहरूलाई तुरुन्त खोलेर यहाँ ल्याऊ ॥ ४६ ॥ त्यसपछि तुरुन्त

व्रतेनाऽनेन तुष्टोऽसौ सत्यनारायणः प्रभुः ।
५० दर्शयामास स्वप्नं हि चन्द्रकेतुं नृपोत्तम ! ॥४२॥ ६०
वन्दिनौ मोचय प्रातर्वणिजौ नृपसत्तम ! ।
७२ देयं धनं च तत्सर्वं गृहीतं यत् त्वयाऽधुना ॥४३॥

सन्तुष्ट हुनुभयो अनि चन्द्रकेतु राजालाई सपनामा दर्शन दिएर भन्नुभयो ॥ ४२ ॥ हे राजा, यी झ्याल-खानामा बन्द गरिएका बन्दी बनियाँलाई भोलि सबेरै छोड़िदेऊ यी चोर हैनन्, यिनीहरूबाट ७८
तिमीले जफत गरेको धन पनि फिर्ता गरिदेऊ ॥ ४३ ॥ यदि त्यसो गरेनौ भने तिम्रो राज्य धन पुत्रादि सबै नाश गरिदिनेछु

नो चेत् त्वां नाशयिष्यामि सराज्यधनपुत्रकम् ।
एवमाभाष्य राजानं ध्यानगम्योऽभवत्पुनः ॥४४॥ ८०
८० ततः प्रभातसमये राजा च स्वजनैः सह ।
उपविश्य सभामध्ये प्राह स्वप्नं जनं प्रति ॥४५॥
७२ बद्धौ महाजनौ शीघ्रं मोचय द्वौ वणिक्सुतौ ।
इति राज्ञो वचः श्रुत्वा मोचयित्वा महाजनौ ॥४६॥

यसरी राजालाई भनेर सत्यनाराण भगवान् अन्तर्धान हुनुभयो ॥४४॥ त्यसपछि सबेरै हुनेबित्तिकै राजा आफ्ना मन्त्रीजनहरूसँगै सभामा बसेर त्यो सपनाको कुरा सबैलाई सुनाउँदाभए ॥ ४५ ॥ ७३
अनि राजाले कर्मचारीहरूलाई आज्ञा गरेर भने—ती थुनेका बनियाँहरूलाई तुरुन्त खोलेर यहाँ ल्याऊ ॥ ४६ ॥ त्यसपछि तुरुन्त

समानीय नृपस्याऽग्रे प्राहुस्ते विनयान्विताः ।
५० आनीतौ द्वौ वणिक्पुत्रौ मुक्तौ निगडबन्धनात् ॥४७॥ क०
ततो महाजनौ नत्वा चन्द्रकेतुं नृपोत्तमम् ।
७४ स्मरन्तौ पूर्ववृत्तान्तं नोचतुर्भयविह्वलौ ॥४८॥

ॐ

ती दुइ बनियाँहरूलाई झ्यालखानबाट निकालेर ल्याएर नम्रतापूर्वक
भन्दछन्, महारज ! ती दुई बनियाँ ल्याएका छौं ॥ ४७ ॥ ७४
बनियाहरूले पनि महाराज चन्द्रकेतुलाई नमस्कार गरे । पहिलेको
कुरा संझेर भयले केही बोल्न पनि सकेनन् ॥४८॥ राजाले बनियाँ-

राजा वणिक्सुतौ वीक्ष्य वचः प्रोवाच सादरम् ।
दैवात् प्राप्तं महद्दुःखमिदानीं नास्ति वै भयम् ॥४९॥
तदा निगडसंत्यागं क्षौरकर्माद्यकारयत् ।
वस्त्रालङ्कारकं दत्त्वा परितोष्य नृपश्च तौ ॥५०॥

हरूलाई आदरपूर्वक यो वचन भने—दैववश यो दुःख पायौ, हे बनियाँ हो ! अब डराउनुपर्दैन ॥४९॥ त्यस बखतमा नेल हतकडी कटाएर केश छटाई स्नान गराई वस्त्र गहना लगाई महाराजले ती बनियाँहरूलाई संतुष्ट गराउँदा भए ॥ ५० ॥ अगाडि राखेर मीठा-मीठा वचन बोल्दै पैल्हे जफत गरेको धन पनि

पुरस्कृत्य वणिक्पुत्रौ वचसाऽतोषयद् भृशम् ।
स० पुरानीतं तु यद्द्रव्यं द्विगुणीकृत्य दत्तवान् ॥५१॥
प्रोवाच तौ ततो राजा गच्छ साधो निजाश्रमम् । क०
राजानं प्रणिपत्याऽऽह गन्तव्यं त्वत्प्रसादतः ।
७६ इत्युक्त्वा तौ महावैश्यौ जग्मतुः स्वगृहं प्रति ॥५२॥

दुइगुना गरेर दिए ॥ ५१ ॥ महाराजले भने–हे साधुबनियाँ, अब आफ्ना आश्रममा जाऊ, ती बनियाँहरूले पनि राजालाई नमस्कार गरेर भने–महाराज ! तपाईंका कृपाले अब हामी जान्छौं ।५२॥ यति ७६
भनेर त्यहाँबाट बिदा भएर ती महाजनहरू आफ्ना घरतर्फ गए ।५३।

इति सत्यनारायण-व्रतकथाको नेपाली टीकामा पाँचौं अध्याय सकियो ॥५॥

सूत उवाच—

यात्रा तु कृतवान् साधुर्मङ्गलाचार पूर्वकाम् ।
ब्राह्मणाय धनं दत्त्वा तदा तु नगरं ययौ ॥ १ ॥
कियद्दूरे गते साधौ सत्यनाराणः प्रभुः ।
जिज्ञासां कृतवान्साधो किमस्ति तव नौ स्थितम् ॥ २ ॥

सूतजी भन्नुहुन्छ–साधु बनियाँहरूले मंगल आचार गरेर यात्रा गरे, ब्राह्मणलाई धन दान गरे अनि आफ्ना घरतर्फ जान लागे ॥१॥ क्यै टाढ़ा गएपछि सत्यदेव भगवान् दण्डी स्वामीको भेषमा आएर सोध्न लाग्नुभयो–हे बनियाँहरू हो ! तिमीहरूको नाउमा के छ ॥२॥ यो कुरा सुनेर मत्त भएको बनियाँले हेलाँ गरेर

ततो महाजनो मत्तो हेलया च प्रहस्य वै ।
कथं पृच्छसि भो दण्डिन् मुद्रां नेतुं किमिच्छसि ॥३॥
स० लतापत्रादिकं चैव वर्तते तरणौ मम । क०
७८ निष्ठुरं च वचः श्रुत्वा सत्यं भवतु ते वचः ॥ ४ ॥
एवमुक्त्वा गतः शीघ्रं दण्डी तस्य समीपतः ।
कियद्दूरं ततो गत्वा स्थितः सिन्धुसमीपतः ॥ ५ ॥

हाँसेर भयो—हे दण्डी बाबाजी, किन सोद्धछौ ? के हाम्रो धन लिन इच्छा गर्छौं कि ।३। मेरो नाउमा लता-पता छ । यस्तो निष्ठुर वचन सुनेर त्यो 'सत्य हवस्' ॥ ४ ॥ भनेर दण्डी स्वामी जानुभयो' ७८
यति भनेर दण्डी जानुभएपछि केही पर समुद्र किनारमा गएर रहनु-भयो ॥५॥ तब दण्डी भगवान् जानुभएपछि त्यो साधु बनियाँ पनि

गते दण्डिनि साधुश्च कृतनित्यक्रियस्ततः ।
स० उत्थितां तरणीं दृष्ट्वा विस्मयं परमं ययौ ॥६॥ क०
दृष्ट्वा लतादिकं चैव मूर्च्छितो न्यपतद् भुवि ।
७९ लब्धसंज्ञो वणिक्पुत्रस्ततश्चिन्ताऽन्वितो भवत् ॥७॥

आफ्नू नित्यकर्म गरेर आयो अनि त्यो नाउ उचालिएको देखेर आश्चर्य भएर छक्क पर्दै ॥६। हेर्दा त सबै धन दौलथ लहरा पात भएको देखेर मूर्छा परेर लड्यो। केही बेरमा होश आएपछि ७९
ज्यादै चिन्तामा पर्‍यो ॥ ७ ॥ त्यस बखतमा ज्वाईले साधु बनियाँ-लाई यस्तो वचन भने साहुज्यू ! किन शोक गर्नु हुन्छ ? अहिले

तदा त दुहितुः कान्तो वचनं चेदमब्रवीत् ।
किकथं क्रियते शोकः शापो दत्तश्च दण्डिना ॥ ८ ॥
शक्यते तेन सर्वं हि कर्तुं चाऽत्र न संशयः ।
अतस्तच्छरणं यामो वाञ्छितार्थो भविष्यति ॥ ९ ॥
जामातुर्वचनं श्रुत्वा तत्सकाश गतस्तदा ।
दृष्ट्वा च दण्डिनं भक्त्या नत्वा प्रोवाच सादरम् ॥ १० ॥

दण्डी बाबा रिसाएर श्राप गरे अनि यस्तो भयो ॥८॥ ती दण्डीले निःसन्देह सबै कुरा गर्न सक्तछन्, त्यसो हुनाले अब उनैका शरणमा जानुपर्छ र हाम्रो इच्छा पूर्ण हुनेछ ॥ ९ ॥ ज्वाईंको यस्तो कुरा सुनेर उनका नजीकैमा गै भक्तिपूर्वक नमस्कार गरेर आदर-सहित भन्दछ—॥ १० ॥ हे दण्डी भगवान् ! मेरो अपराधलाई क्षमा गरि

स० क्षमस्व चाऽपराधं मे यदुक्तं तव सन्निधौ ।
एवं पुनः पुनर्नत्वा महाशोकाकुलोऽभवत् ॥११॥ क०
प्रोवाच वचनं दण्डी विलपन्तं विलोक्य च ।
मा रोदीः शृणु मे वाक्यं मम पूजा बहिर्मुखः ॥१२॥
ममाऽऽज्ञया च दुर्बुद्धे लब्धं दुःखं मुहुर्मुहुः ।
८१ तच्छ्रुत्वा भगवद्वाक्यं स्तुतिं कर्तुं समुद्यतः ॥१३॥

दिनुहवस्, तपाइंको नजीक जे जे भनें त्यो सबै क्षमा पाऊँ, यस्ता तरहले बार-बार क्षमा माग्दै शोकाकुल हुन गयो ॥ ११ ॥ अनि त्यस्तो विलाप गर्ने बनियाँलाई देखेर भगवान् भन्नुहुन्छ—हे
बनियाँ नरो, मेरो पूजा तैंले गरिनस् ॥ १२ ॥ त्यसकारण मेरा ८१
६ आज्ञाले तैंले बार-बार दुःख पाउनुपर्‍यो, भगवान्को यस्तो वाक्य सुनेर त्यो बनियाँ स्तुति गर्न तत्पर भयो ॥ १३ ॥ साधु भन्दछ—

सं० क० ८२

साधुरुवाच—

त्वन्मायामोहिताः सर्वे ब्रह्माद्यास्त्रिदिवौकसः ।
न जानन्ति गुणान् रूपं तवाश्चर्यमिद प्रभो ॥१४॥
मूढोऽहं त्वां कथं जाने मोहितस्तव मायया ।
प्रसीद पूजयिष्यामि यथाविभव-विस्तरैः ॥१५॥
पुरा वित्तं च तत्सर्वं त्राहि मां शरणागतम् ।

हे भगवन्, तपाईंका मायाले भुलिन गएका ब्रह्मादि देवताहरू पनि तपाईंका गुण-स्वरूप जान्दैनन्, यस्तो आश्चर्य छ ॥ १४ ॥ म मूर्ख हुन गएको मन्दमति प्रभुकी मायाले मोहित भएको कसरी प्रभुलाई जानूँ, हे प्रभो ! प्रसन्न भैबक्सियोस् आफ्नू ऐश्वर्य अनुसार पूजा गर्नछु ॥ १५ ॥ पहिले त्यो धन पनि सबै रक्षा गरि·

श्रुत्वा भक्तियुतं वाक्यं परितुष्टो जनार्दनः ॥१६॥
९० वरं च वाञ्छितं दत्त्वा तत्रैवान्तर्दधे हरिः । ९०
ततोऽसौ नावमारुह्य दृष्ट्वा वित्तप्रपूरितम् ॥१७॥
८२ कृपया सत्यदेवस्य सफलं वाञ्छितं मम ।

बक्सियोस् । म प्रभुका शरणमा आएको छु, यस्ता भक्तिपूर्वकका वचन सुनेर भगवान् जनार्दन सन्तुष्ट हुनुभयो ॥ १६ ॥ अनि त्यो बनियाँको इच्छा-अनुसार वरदान दिएर त्यहीं अन्तर्धान ८२
भएर जानुभयो । त्यसपछि बनियाँ नाउमा आएर हेर्दा धनले परिपूर्ण भएको नाउ देखेर ॥१७॥ सत्यदेवका कृपाले मेरो इच्छा पूर्ण

इत्युक्त्वा स्वजनैः सार्धं पूजां कृत्वा यथाविधिः॥ १८॥
व्र० हर्षेण चाऽभवत् पूर्णः सत्यदेवप्रसादतः। क०
नावं संयोज्य यत्नेन स्वदेशगमनं कृतम् ॥१९॥
८४ साधुर्जामातरं प्राह पश्य रत्नपुरी मम।
दूतं च प्रेषयामास निजवित्तस्य रक्षकम् ॥२०॥

भयो भनी आपना मानिससहित भएर विधिपूर्वक पूजा गरेर ॥१८॥
सत्यदेवका प्रसादले बहुतै खुशी भए ॥ त्यसपछि नाउ संयुक्त पारेर
आफ्नू देशतर्फ गमन गरे ॥ १९ ॥ क्यै पर पुगे र साधु बनियाँ
आफ्नू ज्वाइँलाई भन्दछन्—हेनु हवस् मेरो रत्नपुरी देखिन लाग्यो। ८४
यति भनेर आफ्नू सेवकलाई समाचार लैजाने दूत बनाएर

घरतर्फ पठाए ॥२०॥ त्यो दूत पनि नगरमा गएर साधु बनियाँकी

दूतोऽसौ नगरं गत्वा साधुभार्यां विलोक्य च ।
प्रोवाच वाञ्छितं वाक्यं नत्वा बद्धाञ्जलिस्तदा ॥२१॥ क०
स० निकटे नगरस्यैव जामात्रा सहितो वणिक् ।
आगतो बन्धुवर्गैश्च वित्तैश्च बहुभिर्युतः ॥२२॥
श्रुत्वा दूतमुखाद्वाक्यं महाहर्षवती सती ।
८५ सत्यपूजां ततः कृत्वा प्रोवाच तनुजां प्रति ॥२३॥

पत्नीको अगाडिमा गै नमस्कार गरेर अञ्जलि बाँधेर उनीहरूको मनपर्ने त्यो समाचार भन्न लाग्यो ॥ २१ ॥ तपाईंका ज्वाइँ सहित साधु बनियाँ यो नगरका नजीक आइपुगे, धन दौलत दाजुभाइ सबैसाथ भएर आएका छन् ॥२२॥ यस्तो समाचार दूतका मुखबाट ८५
सुनेर बनियाइनीलाई धेरै हर्ष भयो, सत्यदेवको पूजा गरेर अनि आफ्नी छोरीलाई भनिन् ॥ २३ ॥ हे छोरी, कलावती ! म एल्हे

व्रजामि शीघ्रमागच्छ साधुसंदर्शनाय च ।
इति मातृवचः श्रुत्वा व्रतं कृत्वा समाप्य च ॥२४॥
स० प्रसादं च परित्यज्य गता साऽऽपि पतिंप्रति । क०
तेन रुष्टः सत्यदेवो भर्तारं तरणिं तथा ॥२५॥
८६ संहृत्य च धनैः सार्धं जले तस्यावमज्जयत् ।
ततः कलावती कन्या न विलोक्य निजं पतिम् ॥२६॥

पहिले नै जान्छु, तँ पनि छिटै आइज, यस्तो आमाको वचन सुनेर कलावतीले पनि जल्दी नै व्रतपूजा सिद्धयाएर हतारसित प्रसाद नखाई आफ्नो लोग्नेलाई हेर्न गई । प्रसाद त्यागेर जानाले सत्यदेव भगवान् रुष्ट हुनुभयो अनि धनदौलत सबै साथै कलावती- ८६
को लोग्नेलाई पनि जलमा डुबाइदिनुभयो तब त्यहाँ गएर कला-वतीले आफ्ना लोग्नेलाई नदेखेर ॥ २४ ॥ २५ ॥ २६ ॥ शोकले

शोकेन महता तत्र रुदती चाऽपतद् भुवि ।
स० दृष्ट्वा तथाविधौ नावं कन्यां च बहुदुःखिताम् ॥२७॥ क०
भीतेन मनसा साधुः किमाश्चर्यमभूदिदम् ।
८७ चिन्त्यमानाश्च ते सर्वे बभवुस्तरिवाहकाः ॥२८॥
ततो लीलावती कन्यां दृष्ट्वासा विह्वलाऽभवत ।

व्याकुल भएर भैंमा लडी, उतातिर नाउ बेपत्ता भएर डुबेको, यता·
तिर छोरीको त्यो हालत देखेर मनमा डराएर यो के आश्चर्य भयो ८७
भन्न लागे । नाउ चलाउने माझीहरू पनि बहुतै चिन्तामा पर्न गए
॥ २७ ॥ २८ ॥ त्यसपछि लीलावती छोरीको हालत देखेर

विललापतिदुखेन भर्तारं चेदमब्रवीत् ॥२९॥
इदानीं नौकया सार्धं कथं सोऽभूदलक्षितः ।
न जाने केन देवेन हेलया चैव सा हृता ॥३०॥
सत्यदेवस्य माहात्म्यं ज्ञातुं वा केन शक्यते ।
८८ इत्युक्त्वा विललापैवं ततश्च स्वजनैः सह ॥३१॥
ततो लीलावतीं कन्यां क्रोडे कृत्वा रुरोद ह ।

साह्रै विह्वल भइन् । अति दुःखले विलाप गर्दै आफ्नू स्वामीलाई भन्न लागिन् ॥ २९ ॥ हे स्वामी, एल्हे त्यो नाउ पनि ज्वाइँ पनि कहाँ हराए, जानिएन, कुन देवतालाई अपराध गरियो र यस्तो ८८ भयो ! ॥ ३० ॥ सत्यदेव भगवानको महिमा कसले जान्न सक्तछ ॥ यस्तो विलाप गर्दै तहाँ भएका बन्धुवर्गसहित ॥ ३१ ॥ छोरीलाई

ततः कलावती कन्या नष्टे स्वामिनि दुःखिता ॥३२॥
गृहीत्वा पादुकां तस्याऽनुगन्तुं च मनोदधे । क०
स० कन्यायाश्चरितं दृष्ट्वा सभार्यः सज्जनो वणिक्॥३३॥
अतिशोकेन संतप्तश्चिन्तयामास धर्मवित् ।
८९ हृतं वा सत्यदेवेन भ्रान्तोऽहं सत्यमायया ॥३४॥

कारवमा लिएर रुन लागिन् तब कलावती पनि अब मेरा स्वामी
छैनन् भन्ने ठूलो दुःखित रूप लिएर ॥ ३२ ॥ स्वामीका खराउका
सँगै साथ गरी सती भएर जाने (मर्ने) विचार गरिन् । छोरीको ८९
चाला देखेर पत्नीसहित बनियाँ दुःखित हुन गए ॥ ३३ ॥ ज्यादै
शोक सन्तापले दुःखी भएर चिन्तना गर्दै भन्दछ सत्यदेव भगवान्

सत्यपूजां करिष्यामि यथाविभवविस्तरैः ।
इति सर्वान्समाहूय कथयित्वा मनोरथम् ॥३५॥
नत्वा च दण्डवद् भूमौ सत्यदेवं पुनः पुनः ।
ततस्तुष्टः सत्यदेवो दीनानां परिपालकः ॥३६॥

ले पो हनु भयो कि किनभने उहाँका मायाले म ज्यादै भुलिन गएको छु ॥ ३४ ॥ अब आफ्नू धन-अनुसार भगवान् सत्यदेवको पूजा गर्नेछु । यस्तो कुरा सबैका सामने भने ॥ ३५ ॥ अनि सत्यदेव-लाइ संझेर पृथिवीमा बार बार दण्डवत् गरे ॥ तहाँ उप्रान्त दीन दुःखीलाई पालना गर्न भक्तलाइ प्यारो गर्ने सत्यदेव भगवान् ॥३६॥

जगाद वचनं चैनं कृपया भक्तवत्सलः ।
त्यक्त्वा प्रसादं ते कन्या पतिं द्रष्टुं समागता ॥३७॥
अतोऽपृष्टोऽभवत्तास्याः कन्यकायाः पतिर्ध्रुवम् ।
गृहं गत्वा प्रसादञ्च भुक्त्वा सा याति चेत् पुनः ॥३८॥
लब्धभर्तृसुता साधो भविष्यति न संशयः ।

करुणा गरेर आकाशवाणीले भन्न लाग्नुभयो, हे बनियाँ ! पूजाको प्रसाद त्यागेर तेरी छोरी पतिको मुख हेर्न आई ॥३७॥ यसकारण उसको पति अदृश्य भएको छ ॥ अब यदि घरमा गएर सो पूजाको प्रसाद भोजन गरेर आउँछ भने ॥३८॥ तिम्री छोरीले पति पाउनेछ

कन्यका तादृशं वाक्यं श्रुत्वा गगनमण्डलात् ॥३९॥
क्षिप्रं तदा गृहं गत्वा प्रसादं च बुभोज सा ।
सा पश्चात् पुनरागत्य ददर्श स्वजनं पतिम् ॥४०॥
ततः कलावती कन्या जगाद पितरं प्रति ।
इदानीं च गृहं याहि विलम्बं कुरुषे कथम् ॥४१॥

कुनै शंका छैन, यस्तो आकाशवाणी त्यो छोरीचाहिले पनि सुनी ॥ ३९ ॥ अनि तुरुन्तै घरमा गएर प्रसाद खाएर आई, त्यस वेला आफ्ना पतिलाई अरू स्वजन (आफ्ना मानिस) सबैलाई देखी ॥४०॥ आफ्नू पितासँग भन्न लागी—हे पिताजी, यस बखतमा अब घर जानुपर्छ, किन विलम्ब गर्नु हुन्छ ॥ ४१ ॥ छोरीका यी

तच्छ्रुत्वा कन्याकावाक्यं सन्तुष्टोऽभूद्वणिक्सुतः ।
पूजनं सत्यदेवस्य कृत्वा विधिविधानतः ॥४२॥ क०
स० धनैर्बन्धुगणैः सार्धं जगाम निजमन्दिरम् ।
पौर्णमास्यां च संक्रान्त्यां कृतवान् सत्यपूजनम् ॥४३॥
९३ इह लोके सुखं भुक्त्वा चाऽन्ते सत्यपुरं ययौ ॥४४॥

इति श्री सत्यनारायण व्रतकथायां षष्ठोऽध्यायः ॥ ६ ॥

कुरा सुनेर साधु बनियाँलाई सन्तोष लाग्यो, त्यहाँपछि विधिविधा-
न्तरले सत्यदेवको पूजा गरीकन ॥ ४२ ॥ बन्धुवर्गसहित आफ्ना
धनमाल साथै गरी घरमा आए, तहाँ उप्रान्त संक्रान्ति पूर्णिमा ९३
आदि पर्वमा सत्यदेव भगवान्को पूजा गर्दै रही ॥ ४३ ॥ यस
लोकमा सुख भोगेर अन्त्यमा सत्यदेव भगवान्को लोकमा गए ॥४४॥

इति सत्यनारायण व्रतकथाको नेपाली टीकामा छैटौं अध्याय सकियो॥ ६ ॥

सूत उवाच—

अथाऽन्यच्च प्रवक्ष्यामि शृणुध्वं मुनिसत्तमाः ।
असीत् तुङ्गध्वजो राजा प्रजापालनतत्परः ॥ १ ॥
प्रसादं सत्यदेवस्य त्यक्त्वा दुःखमवाप सः ।
एकदा स वनं गत्वा हत्वा बहुविधान् पशून् ॥ २ ॥

सूतजी भन्नुहुन्छ——अब अरू पनि भन्दछु, हे मुनीश्वरहो ! सुन्नुहओस् । अघि एक समयमा तुङ्गध्वज नाम गरेका प्रजापालन गर्न तत्पर भएका राजा थिए ॥ १ ॥ भगवान्‌को प्रसाद त्याग गर्दामा तिनले दुःख पाए । एक समयमा ती राजा शिकार खेल्न वनमा गएका थिए, अनेक तरह पशु जन्तु मृगहरू मारे ॥ २ ॥ अनि घुम्दै आएर यौटा वरको शीतल छायामा आराम गरी बसे ।

आगत्य वटमूलं च दृष्ट्वा सत्यस्य पूजनम् ।
गोपाः कुर्वन्ति सन्तुष्टा भक्तियुक्ताः सबान्धवाः ॥३॥
राजा दृष्ट्वा तु दर्पेण न गतो न ननाम सः ।
ततो गोपगणाः सर्वे प्रसादं नृपसन्निधौ ॥ ४ ॥
९५ संस्थाप्य पुनरागत्य भुक्त्वा सर्वे यथेप्सितम् ।
ततः प्रसादं संत्यज्य राजा दुःखमवाप सः ॥

त्यसै ठाउँनेर गोठालाहरू बहुत प्रेमसँग बन्धुवर्ग इष्टजनसमेत भएर सत्यदेव भगवान्‌को व्रतपूजा गर्दैथिए ॥३॥ राजाले त्यो पूजा देखेर पनि घमण्ड गरेर गएनन्, नमस्कार सद्भावना क्यै गरेनन् । तब गोठालाहरूले पूजाको प्रसाद आदरपूर्वक राजालाई दिए अनि ९५
आएर आफूहरूले पनि यथेष्ट प्रसादी खाए ॥ राजाले त्यो प्रसाद त्याग गरेको हुँदा दुःख पाउन लागे ॥ ४-५॥ तिनका धन दौलत

तस्य पुत्रशतं नष्ट धनधान्यादिकं च च यत् ।
सत्यदेवेस्य तत् सर्वं नाशितं ममः निश्चितम् ॥६॥
अतस्तत्रैव गच्छामि यत्र देवस्य पूजनम् ।
मनसा तु विनिश्चित्य ययौ गोपालसन्निधौ ॥७॥

शय भाइ छोरा सबै नाश भएर गएपछि, सत्यदेव भगवान्को प्रसाद-को अपमान गरेको हुँदा मलाई यो दुःख भयो ॥६॥ अब त्यसै ठाउँमा जान्छु जहाँ पूजा भएको थियो, यस्तो मनले निश्चय गरेर जहाँ गोठालाहरू पूजा गर्दथे त्यसै ठाउँमा गए ॥७॥ तब ग्वालाहरूका साथ महाराजले पनि भक्ति श्रद्धायुक्त भएर

ततोऽसौ सत्यदेवस्य पूजां गोपगणैः सह ।
भक्तिश्रद्धाऽन्वितो भूत्वा चकार विधिना नृपः ॥ ८ ॥ क०
सत्यदेवप्रसादेन धनपुत्राऽन्वितोऽभवत् ।
इह लोके सुखं भुक्त्वा चाऽन्ते सत्यपुरं ययौ ॥ ९ ॥
य इदं कुरुते सत्यव्रतं परमदुर्लभम् ।

श्रीसत्यदेव भगवान्‌को विधिपूर्वक पूजा गरे ॥ ८ ॥ सत्यदेव भगवान्‌का कृपाले फेरि धनपुत्रले युक्त हुन गए, यस लोकमा अनेक सुख भोगेर अन्त्यमा सत्य भगवान्‌को लोकमा गए ॥ ९ ॥ यस्तो परम दुर्लभ व्रत जसले गर्दछ भक्तियुक्त भएर यो फलदा- ९७
यिनी कथा जसले सुन्छ, सत्य भगवान्‌का कृपाले धनधान्य ऐश्वर्य सबै बढ्दछ । गरीबलाई धन प्राप्त हुन्छ, बन्धनमा परेको बन्धन-

शृणोति च कथां पुण्यां भक्तियुक्तः फलप्रदाम् ॥१०॥
धनधान्यादिकं तस्य भवेत् सत्यप्रसादतः ।
दरिद्रो लभते वित्तं बद्धो मुच्येत बन्धनात् ॥११॥ क०
भीतो भयात् प्रमुच्येत सत्यमेव न संशयः ।
ईप्सितं च फलं भुक्त्वा चान्ते सत्यपुरं व्रजेत् ॥१२॥

बाट मुक्त हुन्छ, भयमा परेको भयबाट मुक्त हुन्छ, यो सत्य कुरा हो, संशय छैन, इच्छा-अनुसार फल भोगेर अन्त्यमा सत्य भगवान्-को लोकमा पुग्दछ ॥ १० ॥ ११ ॥ १२ ॥ हे शौनकादि ऋषि
मुनीश्वर हो ! यस्तो श्रीसत्यनारायण भगवान्को व्रत तपाईहरूलाई ९८
विस्तार गरियो, जुन यो व्रत गर्नाले मनुष्य सबै दुःखबाट मुक्त

इति वः कथितं विप्राः सत्यनारायणव्रतम् ।
यत् कृत्वा सर्वदुःखेभ्यो मुक्तो भवति मानवः ॥१३॥ ८०
८० विशेषतः कलियुगे सत्यपूजा फलप्रदा ।
केचित् कालं वदिष्यन्ति सत्यमीशं तमेव हि ॥१४॥
९९ सत्यनारायणं केचित् सत्यदेवं तथाऽपरे ।

भएर जान्छ ॥ १३ ॥ विशेष गरेर कलियुगमा सत्य भगवान्को पूजा फलदायक छ, कसैले काल, सत्यनारायण, सत्यदेव भन्दछन् ॥ १४ ॥ नाना तरहको स्वरूप धारण गरेर सबैलाई इच्छा- ९९
नुसारको फलदिने, कलियुगमा सत्यव्रतरूपी सनातन भगवान् हुनुहुन्छ भगवान् विष्णुले जो-जो रूप धारण गर्नुभयो सबको भिन्न-

नानारूपधरो भत्वा सर्वेषामीप्सितप्रदम् ॥१५॥
भविष्यति कलौ सत्यव्रतरूपी सनातन ।
स० विष्णुना यद्‌धृतं रूप सर्वेषामीप्सितप्रदम् ॥१६॥ क०
य इदं पठते नित्यं शृणोति मुनिसत्तमाः !
१०० तस्य नश्यन्ति पापानि सत्यदेवप्रसादतः ॥१७॥
व्रतं यैस्तु कृतं पूर्वं सत्यनारायणस्य च ।
तेषां त्वपरजन्मानि कथयामि मुनीश्वराः ॥१८॥

भिन्न इच्छा पूर्ण गर्नलाई हो ॥ १५ ॥ १६ ॥ यस्तो यो कथा
जो पढ्‌दछन्, जो सुन्दछन्, हे मुनीश्वर ! त्यस्ता पुरुषका सबै
पापहरू सत्यदेवका कृपाले नाश भएर जान्छन् ॥ १७ ॥ हे १००
शौनकादि मुनीश्वरहो ! सुन्नुहवस् अघि सत्यनारायण भगवानको

पूजा गर्ने भक्तहरूको दोस्रा जनमको कुरा म भन्दछु ॥ १८ ॥

शतानन्दो महाप्राज्ञः सुदामा ब्राह्मणोऽभवत् ।
तस्मिन् जन्मनि श्रीकृष्णं ध्यात्वा मोक्षमवाप ह ॥१९॥ क०
५० काष्ठभारवहो भिल्लो गुहराज बभूव ह ।
तस्मिन् जन्मनि संसेव्य रामं मोक्षं जगाम वै ॥२०॥
१०१ उल्कामुखो महाराजो नृपो दशरथोऽभवत् ।
श्रीरङ्गनाथं सम्पूज्य श्रीवैकुण्ठं तदागमत् ॥२१॥

शतानन्द नाउँ गरेका ब्राह्मण सुदामा ब्राह्मण भए, त्यस जन्ममा श्रीकृष्णको ध्यान गरेर मोक्ष प्राप्त गरे ॥ १९ ॥ दाउरा बिक्री गर्ने दाउरे, भिल्ल जातिको गुहराजा भए ॥ त्यस जन्ममा श्रीरामचन्द्र-
को सेवा भक्ति •रेर मोक्ष भएर गए ॥ २० ॥ उल्कामुख नाम १०१
गरेका राजा दशरथ जन्मिए, श्रीरङ्गनाथ भगवान्‌का पूजा-भक्तिले वैकुण्ठ लोकमा गए ॥ २१ ॥ धार्मिक सत्यव्रती साधु

धार्मिकः सत्यसन्धश्च साधुर्मौरध्वजो भवत् ।
देहार्धं क्रकचैश्छित्वा दत्त्वा मोक्षमवाप ह ॥२२॥
तुङ्गध्वजो महाराजः स्वायम्भूरभवत् किल ।
धर्मान् भागवतान् कृत्वा श्रीवैकुण्ठं तदाऽगमत ॥२३॥

इति श्रीस्कन्दपुराणे रेवाखण्डे सत्यनारायणव्रतकथायां

सप्तमोऽध्यायः ॥ ७ ॥

बनियाँ मोरध्वज राजा भए पुत्रका देह आधा भाग आराले काटेर भगवान्लाई अपर्ण गरी मोक्षपद प्राप्त गरे ॥२२॥ तुङ्गध्वज महाराज स्वायम्भू मनु भएर भगवद् धर्म (वैष्णव धर्म) गर्दै विष्णुभक्तिले श्रीवैकुण्ठ लोकमा गए, यस्ता श्रीसत्यनारायण भगवान्, श्रोता वक्ता सबैलाई कल्याण गर्नु हुनेछ ॥ २३ ॥

इति सत्यनारायणको व्रतकथामा सातौं अध्याय सकियो

श्रीसत्यनारायण भगवान्को जय ॥

ॐ

* आरती *

जै लक्ष्मीरमणा ! जै लक्ष्मीरमणा, सत्यनारायण स्वामी जनपातक हरणा। क०
रत्नजडित सिंहासन अद्भुत छवि राजै। नारद करत निराजन घंटाध्वनि बाजै ।। जै०
जै लक्ष्मीरमणा सत्य० ।। १ ।। प्रकट भए कलि कारण द्विजको दरश दिया।
बूढ़ा ब्राह्मण वन में कञ्चनमहल किया, जै लक्ष्मीरमणा। सत्यनारायण स्वामी० ।।२।।
दुर्बल भील कठोरा जिन पै कृपा करी। चन्द्रचूड एक राजा जिन की विपद हरी।
जै लक्ष्मी० सत्यनारायण स्वा० ।। ३ ।। वैश्यमनोरथ पायो श्रद्धा तजदीनी।
सो फल भोग्यो प्रभु की फिर अस्तुति कीनी ।। जै लक्ष्मीरमणा सत्यना० ।। ४ ।। १०२
भावभक्ति के कारण छिन-छिन रूप धर्‍यो। श्रद्धाधारण कीनी जिनको काज सर्‍यो ।।
जै लक्ष्मीरम० । सत्यनारायण स्वा० ।।५।। ग्वालबाल सँग राजा वन में भक्ति करी।

मनवाञ्छित फल; दीनो दीनदयालु हरि ॥ जै लक्ष्मीरमणा सत्यनारायण० ६ ॥
चढ़त प्रसाद सवाया कदलीफल मेवा । धूप दीप तुलसी से राजे सत्यदेवा ॥
जै लक्ष्मी० सत्य० ॥ ७ ॥ श्री सत्यनारायण की आरती जो कोई गावे ॥ क८
भनत शिवानन्द स्वामी मनवाञ्छित फल पावे ॥ ८ ॥ जै लक्ष्मी० सत्य० ॥



बंबई पुस्तक भवन

कचौडीगली, वाराणसी १०४